राष्ट्र र जनताप्रति प्रतिबद्ध

# द पब्लिक टुडे

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३५४ | २०८३ भाद्र २० गते शनिवार | (Saturday, 5 Sep... | मुल्य रु. ५



त्रिशूली-३ 'ए' जलविद्युत् आयोजनाको सुरुङबाट १० दिनपछि जीवितै उद्धार गरिएका सप्तरीका सञ्जय साह ।

### सुरुङबाट दुईजनाको चमत्कारी उद्धार

## आमा म त फर्केर आएँ खरानीबाट उठेर आएँ...

**विजय कुमार सिंह**

*ढल्केवर, भाद्र १९ गते ।*

कुनै आमाका लागि सन्तान हराउनु जति ठूलो पीडा सायद अर्को हुँदैन । अनि हराएको सन्तान जीवितै फर्केर आउँदा त्यो खुसी शब्दमा अटाउँदैन । मृत्युको छायाजस्तो देखिएको अँध्यारोलाई चिरेर जब छोरा आमासामु उभिन्छ, त्यो क्षण मानौं खरानीबाट फेरि जीवन उठेको क्षण हुन्छ ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-४ का कपुरदेवी साहले पनि दस दिनसम्म यही पीडा भोगिन् । छोराको खबर आउने आशामा आँखा बाटोतिर टोलाइरहे । रुँदारुँदै आँसु सुक्न थाले । मनले छोरा जीवितै छन् भन्ने आशा गरिरह्यो, तर दिन बित्दै जाँदा त्यो आशामाथि निराशाको बादल बाक्लिँदै गयो ।

तर, अन्ततः त्यो खबर आयो, जसको प्रतीक्षामा एउटा परिवारले दस दिन काटेको थियो । सुरुङभित्रबाट नेपाली सेनाले सञ्जयको चमत्कारी उद्धार गरेपछि सेनाले सञ्जयलाई पिठ्युँमा बोकेको तस्बिर भाइरल भयो । उक्त तस्बिरबाट सञ्जयको स्पष्ट भाव झल्किरहेको थियो-

*'आमा, म त फर्केर आएँ ।*
*खरानीबाट उठेर आएँ...'*

३१ वर्षीय सञ्जयकुमार साह रसुवामा आएको विनाशकारी बाढीपछि नौ दिनदेखि सम्पर्कविहीन थिए । त्रिशूली-३ 'ए' जलविद्युत् आयोजनामा नेपाल विद्युत् प्राधिकरणका चौथो तहका कर्मचारीका रूपमा कार्यरत उनी बाढीपछि आयोजनाको सुरुङभित्रै फसेका थिए ।

दशौँ दिन नेपाली सेनासहितको उद्धार टोलीले उनलाई सुरुङभित्रबाट सकुशल बाहिर निकाल्यो । दश दिनदेखि रुवाबासीमा डुबेको घर एकाएक खुसीले भरियो ।

आमाको आँसु रोकिएन–तर यसपटक त्यो आँसु पीडाको थिएन । छोरा जीवितै भेटिएको खुसीको थियो । सञ्जय सम्पर्कविहीन भएपछि उनकी आमा कपुरदेवी, श्रीमती लक्ष्मी, बाबु रामफलसहित परिवार शोकमा डुबेको थियो । श्रीमती लक्ष्मीलाई सम्हालिनसमेत गाह्रो भएको थियो । उनी अहिले माइतीमा छिन् । उनीहरूको अढाई वर्षीया छोरी छिन् ।

सञ्जयका जेठान देवकुमार साह उनलाई खोज्न घटनास्थलमै पुगेका थिए । सुरुङभित्रै रहेको हुन सक्ने अनुमान थियो । तर, उद्धारमा ढिलाइ हुँदै जाँदा परिवारको आशा निराशामा बदलिँदै गएको थियो ।

'भतिज सञ्जय सुरक्षित नै छन् भन्ने आशा थियो । तर, दिन बित्दै जाँदा सुरुङबाट उद्धारमा ढिलाइ हुँदा हाम्रो निराशा बढ्दै थियो,' उनका काका कुशेश्वर साहले भने । भदौ १० गते बाढी आउनुअघि बिहान करिब ७ बजेतिर सञ्जयले घरपरिवारसँग अन्तिम पटक कुरा गरेका थिए । त्यसपछि बाढी आयो । मोबाइलमा फोन लाग्न छाड्यो । परिवारका लागि त्यसपछि हरेक दिन प्रतीक्षाको दिन बन्यो ।

कहिले सम्पर्कमा आएका व्यक्तिहरूको नामावली हेर्ने, कहिले सञ्चारमाध्यम र सामाजिक सञ्जालमा उद्धारका खबर खोज्ने । अनि बारम्बार सञ्जयको मोबाइलमा फोन गर्ने–सायद यसपटक उठ्ला कि !

तर फोन उठेन । दिन बित्दै गए । आशा कमजोर हुँदै गयो । तर, परिवारले उनलाई मृत स्वीकार्न सकेन ।

'दाइ सम्पर्कविहीन भएपछि आमा, बुबा, भाउजू लगायत परिवारमा एक प्रकारले शोक छाएको थियो । उहाँ बाँच्नुभएको हुन सक्ने आशा भए पनि दश दिन भइसक्दा हामी निराश हुँदै गएका थियौँ,' सञ्जयकी बहिनी सुधाले भनिन् ।

तर, सुरुङको अँध्यारोभित्र सञ्जयको जीवनको उज्यालो निभेको रहेनछ । 'दाइ सुरुङभित्रै हुनुहुन्छ, चाँडै उद्धार भए सुरक्षित नै हुनुहुन्छ भन्ने मनमा आशा थियो । त्यो यथार्थमा परिणत भयो । भगवानले हाम्रो परिवारको खुसी फर्काइदिनुभयो,' सुधाले भनिन् ।

माथिल्लो त्रिशूली-३ 'ए'को सुरुङभित्रबाटै कविर महर्जनको पनि जीवितै उद्धार भएको छ ।

१० दिनपछि जीवितै उद्धार गरिएका उनलाई घटनास्थलमै प्राथमिक उपचार गरी हेलिकोप्टरमा काठमाडौं ल्याइएको थियो । उनको अहिले वीरेन्द्र अस्पताल छाउनीमा उपचार भइरहेको छ ।

काठमाडौं कीर्तिपुरका महर्जन कुलेखानी जलविद्युत् आयोजनाबाट माथिल्लो त्रिशूली ३ 'ए' को नियमित मर्मतसम्भारका लागि पुगेका थिए । उनी हाइड्रो पावर अटोमेसन प्रोजेक्टअन्तर्गत मेकानिकल सुपरभाइजरमा कार्यरत छन् ।

बाढी आएको दिन १० भदौ बिहान साढे ७ मा उनीसँग श्रीमती हिराशोभाको सम्पर्क भएको थियो । श्रीमान्ले दोस्रो जीवन पाएको भन्दै उनले उद्धारमा खटिएको टोलीलाई धन्यवाद भनेकी छन् ।

भोटेकोशीमा आएको भीषण बाढीपछि सुरुङभित्र फसेका उनीहरूको उद्धारका लागि नेपाली सेना, सशस्त्र प्रहरीलगायतका टोली निरन्तर खटिएका थिए ।

कठिन मौसम र चुनौतीपूर्ण परिस्थितिका बीच १० दिनपछि दुई जनाको जीवितै उद्धार गरिएको छ भने सोही सुरुङबाट एकजनाको शव फेला परेको छ ।

## तस्करी रोक्न माग गर्दै आमरण अनशन

**द पब्लिक टुडे समाचारदाता**

*रौतहट, भाद्र १९ गते ।*

अवैध रूपमा भित्रिने भारतीय कुखुरा तथा चल्लाको तस्करी रोक्नुपर्ने र स्थानीय बजारमा मासुको मूल्यमा भइरहेको अनियमितता नियन्त्रण गर्नुपर्ने माग गर्दै रौतहटमा एक जना किसान आमरण अनशनमा बसेका छन् ।

जिल्ला कुखुरा व्यवसायी किसान सङ्घ रौतहटका सचिव राधेश्याम साहले जिल्ला प्रशासन कार्यालय अगाडि शुक्रबारदेखि आमरण अनशन सुरु गरेका हुन् ।

स्थानीय प्रशासन, सुरक्षा निकाय तथा सम्बन्धित सरकारी निकायलाई पटक-पटक लिखित तथा मौखिक रूपमा समस्या समाधानका लागि आग्रह गर्दा पनि सुनुवाइ नभएको साहले बताएका छन् ।

सङ्घका अनुसार खुला सीमाको फाइदा उठाउँदै भारतबाट दैनिक रूपमा अवैध रूपमा कुखुरा तथा चल्ला नेपाल भित्रिने गरेका छन् ।

यसबाट स्वदेशी किसानले ठूलो लगानी गरेर उत्पादन गरेको कुखुरा बिक्रीमा समस्या



हुनुका साथै लगानी नै डुब्ने अवस्था आएको सङ्घको दाबी छ ।

अवैध कुखुरा तथा चल्ला तस्करीमा प्रहरी प्रशासनकै संरक्षण रहेको आरोपसमेत सङ्घले लगाएको छ । यद्यपि उक्त आरोपको स्वतन्त्र पुष्टि भने भएको छैन ।

त्यस्तै स्थानीय बजारमा बिचौलिया तथा केही व्यवसायीका कारण कुखुराको मासुको मूल्यमा चरम अनियमितता र कालोबजारी भइरहेको सङ्घको आरोप छ । बजारमा मासुको मूल्य निर्धारण गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने माग किसानहरूले राखेका छन् । सङ्घले भारतीय कुखुरा, चल्ला तथा मासुको अवैध तस्करी पूर्ण रूपमा रोक्न, तस्करीमा संलग्न व्यक्तिमाथि कडा कानुनी कारबाही गर्न र स्थानीय बजारमा मासुको मूल्य निर्धारण गरी कार्यान्वयन गर्न माग गरेको छ ।

त्यसैगरी जिल्लाभित्रै पर्याप्त कुखुरा उत्पादन र आपूर्ति हुँदाहुँदै बाहिरबाट कुखुरा आयात गर्दा स्थानीय किसान तथा बजारमा प्रतिकूल असर परेको भन्दै जिल्लाबाहिरबाट हुने कुखुरा आयात-निर्यातसम्बन्धी व्यवस्थासमेत पुनरावलोकन गर्न सङ्घले माग गरेको छ ।

आफूहरूले उठाउँदै आएको मागप्रति सम्बन्धित निकाय गम्भीर नभएको भन्दै माग पूरा नभएसम्म आमरण अनशन जारी राख्ने सचिव साहले बताएका छन् ।

## मिर्चैयाको २५ लाख सहयोग

**गौशाला** : सिरहाको मिर्चैया नगरपालिकाले रसुवाको भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीबाट प्रभावित परिवारहरूको राहत तथा उद्धारका लागि साढे २५ लाख रुपैयाँ सहयोग गर्ने भएको छ । नगर कार्यपालिकाको बिहीबार बसेको बैठकले प्रधानमन्त्री राहत कोषमा उक्त रकम जम्मा गर्ने निर्णय गरेको हो । नगरपालिकाका अनुसार कार्यालयका तर्फबाट ५ लाख रुपैयाँ तथा जनप्रतिनिधिहरूको १५ दिन बराबरको सेवा सुविधा रकम कोषमा सहयोग गरिनेछ । यस्तै, कर्मचारीहरूको पाँच दिन बराबरको परिश्रमिक राहत कोषमा जम्मा गर्ने निर्णय गरिएको छ । यसरी कुल २५ लाख ५८ हजार रुपैयाँ प्रधानमन्त्री राहत कोषमा आवश्यक प्रक्रिया पुऱ्याएर जम्मा गरिने नगर प्रमुख श्रवणकुमार यादवले बताए ।

### बाढीपीडितका लागि प्रार्थनासँगै

## बृहत् रक्तदान

मिति : २०८३ भदौ २१ गते आईतबार
समय : बिहान ७ बजेदेखि
स्थान : कोमल होटलको पूर्वपट्टी ढल्केवर, धनुषा

"रगत दिऔँ, जीवन बचाऔँ
मानवताको हात बढाऔँ।"

थप जानकारीको लागि : बाबुराम बास्तोला (९८०४८२९८४४)
विजयकुमार साह (९८४४०३६८६७)

## कविता



### बुझ्नैवाला कोइ नै छै

***

**सिम्रन कर्ण**

जनता साहित्यिक मञ्च गौरीडाँडा

हँसी देखैलेल बहुत छै
आँसु देखैलेल कोइ नै
मो नमे बात त बहुत छै
पर हमर अपन कोइ नै ।

सबक दुःख सुनैछि हम
पर हमर सुन्तै ओहन कोइ नै
हजारके बिचमे लगे है असघर
मोन बुझ्तै ओहन कोइ नै ।

मुह स कहै छि ठिक छि
लेकिन मोन त जान्ने करै
हमर पीडा बुझैला सुनैला
व्यक्ति एप्त कोइ नै ।

कहियो त मोनो  कान लगैछै आइरब मे देखै छि पानी सुखल
हमरा हमरे स ज्यादा बुझैवाला यही दुनियमे
सायद हमरा कोइ नै छै ।

## कविता



### मन बिरक्त हुन्छ

***

**अस्मिता खतिवडा**

पूर्ण जीवनको तिक्तता जब साक्षत्कार हुन्छ
निराश, हतास हुदै मन बिरक्त हुन्छ
मुखरित अमृत वाणीले हरबखत रेटिन्छ मुटु
रक्तरञ्जित ध्वजा झैं विछिप्त हुन्छ मुटु ।

अत्यास लाग्दो छ जीवन निस्सासिँदै सास फेर्छु
कहालीलाग्दो अवस्थामा पनि मन समालेर हाँस्दै छु
जीवन भोगाइ र गराइले मन भरियो टम्म
बग्नु पर्ने हो अझै कति  सरिता झैं अनिश्चित क्षितिजसम्म।

## कविता



### मातृभूमिप्रति प्रेम

***

**सजिता फुयाँल**

जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

हिमाली शिरमा लाग्छन् उज्याला घाम
तराइको फाँटमा फल्छन् सुनौला धान
पहाडमा धेरै पाखा, खोला र वन
यिनी हुन् मेरा जीवनका धन ।

माटोको सुगन्ध मनमा बस्छ
फदयमा देश प्रेमको दीप सँधै बल्छ
सुख दुःखमा साथ दिने यो भूमि
यही हो मेरो गौरव, यही हो मेरो खुशी ।

मेहनत, साहस र एकता बोकी
अघि बढ्नु पर्छ सबले हातमा हात जोडी
भाषा, संस्कृति हाम्रो पहिचान
यिनी हुन् राष्ट्रका अमूल्य सम्मान ।

शान्ति, समृद्धि र प्रगतिको बाटो
हामी सबैको बनाऔं आफ्नै हातले
देशको मान सँधै उच्च बनाऔं
नेपाललाई विश्वभर चिना औं ।

देशप्रेम केवल शब्द होइन
यो त कर्म, समर्पण र विश्वास हो
मातृभूमिको सम्मानका खातिर
जीवनभर अटल रहने प्रण हाम्रो ।

## कविता



### मेरी प्यारी बहिनी

***

**यशार्थ पौडेल**

कक्षा : ८, प्रोग्रेसिभ एकेडेमी
बर्दिबास–१, महोत्तरी।

सानी बहिनी सानै छिन्,
हामी सबैकी ज्ञानी छिन् ।
छुनुमुनु छुनुमुनु गर्दिन्छिन्
काखमा लुटुपुटु पर्दिन्छिन् ।

कुकु गर्दै यताउता सर्दै
अंगालोमा आई मलाई माया गर्दै ।
हात फैलाई पापा माग्छिन्
मुसुक्क गर्दै टाढा भाग्छिन् ।

बाबा भन्नुहुन्छ सानी नानी
आमा भन्नुहुन्छ प्यारी ज्ञानी ।
घुटुघुटु पार्छिन् अलिकति पानी
औंलाले देखाउँदै भन्छिन् उता जानी ।

ते ते लगाई काँइकोरी गर्छिन्
उभिएर ताते भन्दै , बामे सर्छिन् ।
मन्दिर जान्छिन् टिकी लगाउँछिन्
मेरी हात समाउँदै स्कुल धाउँछिन् ।

## कविता



### कोपिला

***

**भवानी घिमिरे**
**“सद्भावना**

कोपिला – १
रातो सारी लाउने हो
कम्मर मर्काई नाचौंला, फोटो खिचौंला
गीत आफैं गाउने हो

कोपिला  – २
पुर्खाको माटोमा
नाचौंला छमछमी, धुलो उडाउँदै
गाउँको बाटोमा

कोपिला – ३
बाबा घर आका छौं
साथीसँगी नाच्ने हो, कम्मर भाँच्ने हो
मिठो दर  खाका छौं

कोपिला – ४
दिदीबैनी मिलेमा
झम्किनेछ यसपालिको तीज बरि लै
फुलहरु खिलेमा

कोपिला ५.
छोरीको बाटो हेरी
बृद्धा आमा बसेकी छिन्  दिन गनेर
बारीको पाटो हेरी

## कविता



### आमा

***

**भाविका परियार**

जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

मेरी आमा हुन् ममताकी सागर
मेरो जीवनको लागि अमूल्य आधार
दिन्छिन् सुख दुःखमा साथ र मुस्कान
म गरिरहन्छु तिमीलाई हर्दम सम्झना ।

आमाको माया सँधै निस्वार्थ र पवित्र
उहाँको काख स्वर्गभन्दा सुन्दर
म गर्ने छु सँधै आमाको सम्मान
मेरो लागि तिमी नै पहिलो ईश्वर ।

आमाको माया संसारभन्दा ठूलो
आमाबिना हुन्छ मेरो संसार नै अपुरो
मेरो लागि आमाको काख नै स्वर्ग
आमाको साथमा जीवन हुन्छ उज्यालो ।

मेरो दुखको तिमी  नै हौ सहारा
आमाको आशीर्वादले सजिन्छ जीवन सार
आमाको बयान गर्न सकिदैन
आमा बिना यो धर्तीमा
बाँच्ने सकिन्न

## कविता



### एक टुक्रा बादल र जून क्रमशः

***

**एमबि खड्का**

उहिल्यै
फोहोरको डुङ्गरमा मिल्काईएको
तिम्रो याद
फेरि भेटिएको छ

पुरानो भएछ ! खिया लागेछ !
मिचिमिची ...घोटीघोटी
त्यसलाई धुनु छ
टल्काएर फेरि राख्नु छ
पूजा गर्ने ठाँउछेउ
जो भेटियोस देउता खोज्दा
हरेक पटक

एक टुक्रा बादल हुनु छ

ताराहरु छुनु छ
जूनको पोल्टामा टाउको राखेर रुनु छ–
एक तलाउ आँसु

पुरानो प्रेमपत्र सँगै
फोहोरको थुप्रोमा भेटिएको
तिम्रो पुरानो याद
धुनु छ ..सुकाउनु छ
सफा पारेर राख्नु छ मन्दिर छेउ
जो भेटियोस हरेक पटक  देउता सँगै

एक टुक्रा बादल हुनु छ ।


सूचना, समाचार र मनोरञ्जनका लागि

**सामुदायिक रेडियो दर्पण ८८.४ मेगाहर्ज**

**बिहान ५ बजेदेखि राति ११ बजेसम्म**

समाचार, विज्ञापन, सल्लाह सुझाव र प्रतिक्रियाको लागि

सम्पर्क नं : ९८१२०४८५६६, ९८६८८२१२९८


**पृष्ठ संयोजन : नारायण घिमिरे** [प्रत्येक शनिवार प्रकाशित हुने साहित्य पृष्ठका लागि कविता, गजल, मुक्तक, लघुकथा लगायतका रचना भए thepublictoday2070@gmail.com मा पठाउन सक्नुहुनेछ ।]

# लोकसेवा परीक्षाको तयारी सामग्री

धिरेन्द्र कुमार महतो
प्रस्तुतकर्ता



**१. नेपालसँग दौत्य सम्बन्ध कायम हुने १८४ औँ राष्ट्र कुन हो?**
A. गिनी-बिसाउ
B. पपुवा न्यू गिनी
C. इक्वेटोरियल गिनी
D. गिनी

उत्तर: A. गिनी-बिसाउ

### नेपालको दौत्य सम्बन्ध कायम भएको सङ्ख्या १८४ पुग्यो

- १८४ औ राष्ट्र कुन हो ? : गिनी-बिसाउ
- दौत्य सम्बन्ध कायम कहिले भयो ? : सन् २०२६ सेप्टेम्बर १ (वि.सं. २०८३ भदौ १६)

*हस्ताक्षरकर्ता:*

- नेपालका तर्फबाट: स्थायी प्रतिनिधि लोकबहादुर थापा
- गिनी-बिसाउका तर्फबाट: स्थायी प्रतिनिधि साम्बा साने (Samba Sane)

*गिनी-बिसाउ देशको बारेमा जानकारी*

- महादेश: पश्चिम अफ्रिका
- राजधानी: बिसाउ
- क्षेत्रफल: ३६,१२५ वर्ग किलोमिटर
- जनसङ्ख्या: २.२ मिलियन
- प्रतिव्यक्ति आय: ३,२८० डलर
- भाषा: पोर्चुगिज (आधिकारिक), स्थानीय भाषाहरू
- UNESCO ले यो राष्ट्रलाई वायोस्फियर रिर्जभ घोषणा गरेको थियो ।
- पोर्चुगलको उपनिवेशमा रहेको यो राष्ट्रले सन् १९७४ सेप्टेम्वर १० मा स्वतन्त्रताको मान्यता पाएको हो।

**पछिल्ला दौत्य सम्बन्ध कायम भएका ६ मुलुकहरू :**

| देश | कति औं | कहिले भयो ? |
|---|---|---|
| गिनी-बिसाउ | १८४ औं | सन् २०२६ सेप्टेम्बर १ |
| किरीबाटी | १८३ औं | सन् २०२४ जुलाई १७ |
| टोगा | १८२ औं | सन् २०२४ मार्च १ |
| मार्सल आइल्याण्ड | १८१ औं | सन् २०२३ जुन २३ |
| क्यामरुम | १८० औं | सन् २०२३ जुन २२ |
| नाऊरु | १७९ औं | सन् २०२३ मे ४ |

**नेपालले पहिलो दौत्य सम्बन्ध कायम गरेका पहिलो ६ मुलुकहरू :**

| देश | कति औं | कहिले भयो ? |
|---|---|---|
| बेलायत | पहिलो | सन् १८१६ मार्च ३ |
| अमेरिका | दोस्रो | सन् १९४७ अप्रिल २५ |
| भारत | तेस्रो | सन् १९४७ जुन १३ |
| फ्रान्स | चौथो | सन् १९४९ अप्रिल २० |
| चीन | पाँच | सन् १९५५ अगस्ट १ |
| रुस | छैठौं | सन् १९५६ जुलाई २० |

**महादेश अनुसार प्रथम दौत्य सम्बन्ध कायम भएका मुलुकहरू**

| महादेश | प्रथम दौत्य देश | मिति |
|---|---|---|
| एशिया महादेश | भारत | सन् १९४७ जुन १३ |
| अफ्रिका महादेश | इजिप्ट | सन् १९५७ जुलाइ १६ |
| उत्तर अमेरिका | अमेरिका | सन् १९४७ अप्रिल २५ |
| दक्षिण अमेरिका | अर्जेन्टिना | सन् १९६२ जनवरी १ |
| युरोप महादेश | बेलायत | सन् १८१६ मार्च ३ |
| अष्ट्रेलिया महादेश | अष्ट्रेलिया | सन् १९६० फेब्रअरी १५ |

**वि.सं. २००७ अघि र पछि दौत्य सम्बन्ध**
- वि.सं. २००७ अघि (४ राष्ट्र): बेलायत, अमेरिका, भारत, फ्रान्स (सूत्र: BA–IF)
-वि.सं. २००७ पछि (सुरुका ४ राष्ट्र): चीन, रूस, जापान, श्रीलंका (सूत्र: CR–JS)

**सार्क (SAARC) राष्ट्रहरूसँगको दौत्य सम्बन्ध**

| कति औं देश | सार्क देश | मिति |
|---|---|---|
| ३ औं | भारत | 1947 June 13 |
| ९ औं | श्रीलंका | 1957 June 1 |
| २० औं | पाकिस्तान | 1960 March 20 |
| ३० औं | अफगानिस्तान | 1961 July 1 |
| ५१ औं | बङ्गलादेश | 1972 April 8 |
| ७६ औं | माल्दिभ्स | 1980 August 1 |
| ८० औं | भुटान | 1983 June 3 |

### विगतको परीक्षा को प्रश्न उत्तर :

१. नेपालसंग दौत्य सम्बन्ध कायम गर्ने पहिलो राष्ट्र कुन हो? [मधेस प्रदेश 4th२०८३-०१-०५] [ना.सु.समावेशी,२०६९] [कर्णाली पाँचौं २०८०] [रा.प.बोर्ड.प्रशासन पाचौ-२०८२/०७/२२]
(A) भारत (B) चिन (C) वेलायत (D) अमेरिका

२. नेपाल र जापानबीच दौत्य सम्बन्ध कहिले कायम भएको हो ? (खरिदार आ.प्र. २०७९।८।२५)
A) 23 February 1955 B) 1 September, 1956
C) 5 October, 1958 D) 12 November, 1960

३. १७९ औ दौत्य सम्बन्ध भएको देश कुन हो? : नाउर [शाखा अधिकृत २०८०]

४. दौत्य सम्बन्ध भएको पहिलो चार देशहरु कुन कुन हुन ?[कर्णाली महिला विकास सातौ)२०८०]

५. चीन र नेपाल बिच दौत्य सम्बन्ध कहिले कायम भयो ? [बागमती 5th 2082]

६. नेपालसँग दौत्य सम्बन्ध कायम राख्ने मुलुकहरूको सम्बन्धमा सही जोडा मिलाउनुहोस् । [शाखा अधिकृत, २०८०/३/१६]

| समूह (Group) I | समूह (Group) II |
|---|---|
| a) श्रीलंका | 1) 1958 A.D. |
| b) मलेसिया | 2) 1960 A.D. |
| c) स्वीट्जरल्याण्ड | 3) 1957 A.D. |
| d) जर्मनी | 4) 1956 A.D. |

A) a –2, b – 1, c – 4, d – 3
B) a – 3, b–2, c – 1 , d – 4
C) a – 3 , b – 2, c – 4, d – 1
D) a – 2 , b – 1 , c – 3, d–4

७. वि.सं. २००७ सालपूर्व नेपालसँग दौत्य सम्बन्ध कायम नभएको देश कुन हो ? (नायब सुब्बा, २०७२)
A) बेलायत B) भारत
C) संयुक्त राज्य अमेरिका D) चीन

८. नेपालसँग दौत्य सम्बन्ध गरोको १८२ औं राष्ट्र कुन हो? [NTC 2081]

**२. काठमाडौँ-तराई फास्ट-ट्र्याक (द्रुतमार्ग) को सबैभन्दा लामो सुरुङमार्ग कुन हो?**
A) धेद्रे सुरुङ (१.६९ कि.मी.)
B) लेनडाँडा सुरुङ (१.६२ कि.मी.)
C) धेद्रे-महादेवटार सुरुङ (३.४८६ कि.मी.)
D) चन्द्राम भीर सुरुङ (२.२३ कि.मी.)

**उत्तर: C) धेद्रे-महादेवटार सुरुङ (३.४८६ कि.मी.) (ब्रेक थ्रु मिति: २०८३ भदौ १८)**




### काठमाडौँ-तराई फास्ट-ट्र्याक : सुरुङमार्ग ब्रेक थ्रु

- महादेवटार सुरुङमार्ग ब्रेक थ्रु: फास्ट-ट्र्याकको सबैभन्दा लामो धेद्रे-महादेवटार सुरुङ (३.४८६ कि.मी.) २०८३ भदौ १८ गते सफलतापूर्वक 'ब्रेक थ्रु' भएको छ।
- हालसम्म ब्रेक थ्रु भएका सुरुङहरू (३ वटा):
  - धेद्रे सुरुङ – १.६९ कि.मी.
  - लेनडाँडा सुरुङ – १.६२ कि.मी.
  - धेद्रे-महादेवटार सुरुङ – ३.४८६ कि.मी.

**मुख्य तथ्याङ्क**

- सुरुङ संख्या: ७ वटा (संशोधित डिजाइन अनुसार)
- सुरुङको कुल लम्बाइ: झण्डै ११ कि.मी.
- आयोजनाको कुल लम्बाइ: ७१ कि.मी.
- शिलान्यास मिति: २०७४ जेठ १४ (तत्कालीन प्रम पुष्पकमल दाहाल 'प्रचण्ड')
  निर्माण व्यवस्थापन: नेपाली सेना

**३. वि.सं. २०८३ भाद्र ११ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार जम्मा कति वटा जिल्लालाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरिएको हो?**
A) ४ जिल्ला
B) ५ जिल्ला
C) ६ जिल्ला
D) ७ जिल्ला

उत्तर: B) ५ जिल्ला (रसुवा, नुवाकोट, धादिङ, गोरखा र तनहुँ)



### भोटेकोशी खोलामा बाढी र विपद् संकटग्रस्त क्षेत्र घोषणा

- बाढी आएको मिति: वि.सं. २०८३ भाद्र १० (ई.सं. २०२६ अगस्ट २६)
- प्रधानमन्त्रीको सम्बोधन: प्रधानमन्त्री बालेन्द्र शाहद्वारा सामाजिक सञ्जालमार्फत सम्बोधन (वि.सं. २०८३ भाद्र १०)
- राजपत्रमा सूचना प्रकाशन मिति: वि.सं. २०८३ भाद्र ११ गते (खण्ड ७६, संख्या ३०, भाग ५)
- घोषणाको अवधि: राजपत्रमा प्रकाशन भएको मितिले ३ महिनाका लागि
- कोशी नदीको सहायक नदी: सिन्धुपाल्चोकको भोटेकोशी
- गण्डकी नदीको सहायक नदी: रसुवाको भोटेकोशी
- राजपत्र अनुसार विपद् संकटग्रस्त क्षेत्र घोषित ५ जिल्लाहरू: रसुवा, नुवाकोट, धादिङ, गोरखा, तनहुँ

**४. प्रथम पारा राष्ट्रिय खेलकुद प्रतियोगिता कहिलेदेखि सञ्चालन हुने भएको छ?**
A) वि.सं. २०८३ मंसिर १६ गते
B) वि.सं. २०८३ मंसिर २९ गते
C) वि.सं. २०८३ पुस १५ गते
D) वि.सं. २०८३ माघ १ गते
उत्तर: C) वि.सं. २०८३ पुस १५ गते (१० औं राष्ट्रिय खेलकुद सकिएको १५ दिन पछि)




### प्रथम पारा राष्ट्रिय खेलकुद प्रतियोगिता २०८३

- आयोजक प्रदेश: कर्णाली प्रदेश
- प्रथम पारा राष्ट्रिय खेलकुद मिति: वि.सं. २०८३ पुस १५ (१० औं खेलकुद प्रतियोगिता समाप्त भएको १५ दिन पछि)
- निर्णय गर्ने निकाय: राष्ट्रिय खेलकुद परिषद् (राखेप) को १२५ औं बोर्ड बैठक
- आयोजनाको झण्डा प्राप्त: नवौं राष्ट्रिय खेलकुदको समापनका क्रममा
- खेल संख्या: २४ वटा
- प्रतिस्पर्धा संख्या: ४१९
- लोगो र मस्कट सार्वजनिक मिति: वि.सं. २०८० चैत ५
- मस्कट: रेडपाण्डा (साथै सात रङ्ग, चन्द्र र सूर्य झण्डा अङ्कित)
- लोगो र मस्कट डिजाइनर: विकास तमखु

पत्रिका मागेर होइन किनेर पढ्ने बानी बसालौं



भोटेकोशीमा आएको विनाशकारी बाढीपीडितको पुनर्स्थापनामा मन खोलेर जुटौँ
अनुरोधकर्ता : पब्लिक टुडे पब्लिकेशन प्रा.लि.
सहयोगका लागि
Prime Ministers Disaster Relief Fund

# गुठीले अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाउने

**राष्ट्रिय समाचार समिति**

*जनकपुरधाम, भाद्र १९ गते ।*

गुठी संस्थानले जनकपुरधाम उपमहानगरपालिकाभित्र गुठीअन्तर्गत रहेका विभिन्न पोखरी तथा पोखरीका डिल अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाउने तयारी गरेको छ ।

गुठी संस्थान जनकपुरले सार्वजनिक सूचना जारी गर्दै गुठीअन्तर्गतका पोखरी तथा पोखरीका डिलमा विभिन्न व्यक्ति तथा संस्थाले अनधिकृत रूपमा संरचना निर्माण गरी भोगचलन गरिरहेका संरचना हटाउन निर्देशन दिएको हो ।

पहिलो चरणमा सातवटा पोखरीको अतिक्रमण हटाएको गुठी संस्थानले दोस्रो चरणमा थप १५ वटा पोखरीको अतिक्रमित जग्गा खाली गराउने तयारी गरिएको गुठी संस्थान जनकपुरधामका प्रमुख राजन कौशीले जानकारी दिए ।

उनका अनुसार दोस्रो चरणमा देवान पोखरी (चन्द्रकूप), मध्यमा सर, रुक्मिणी सर, विडाल सर (विराही), गेन्ही पोखरी, ठाडी पोखरी, लवकी पोखरी (रजौल), कपालमोचनी सर, पुरन्दर सर, लवकी पोखरी (जिरोमाइलभन्दा उत्तरपूर्व), लक्ष्मण सर (बलराम सर), पापमोचनी सर, अग्निकुण्ड, सीताकुण्ड र विहार कुण्डलगायत पोखरी तथा तिनका डिलको अतिक्रमण हटाउने तयारी गरिएको छ ।

गुठी संस्थानले सार्वजनिक सूचनामार्फत सम्बन्धित व्यक्ति तथा संस्थालाई सात दिनभित्र अनधिकृत रूपमा निर्माण गरिएका संरचना तथा अतिक्रमित क्षेत्र खाली गर्न निर्देशन दिएको छ । निर्धारित समयभित्र अतिक्रमण नहटाए प्रचलित कानुनबमोजिम कारबाही गरिने चेतावनीसमेत संस्थानले दिएको छ ।

गुठीको जग्गा संरक्षण तथा व्यवस्थापनका लागि गठित उच्चस्तरीय कार्यदलको प्रतिवेदन, २०६२ कार्यान्वयन समितिको निर्णयका आधारमा उक्त सूचना जारी गरिएको गुठी संस्थानले जनाएको छ । यसअघि गुठी संस्थानले जनकपुरधामस्थित गोरधोई पोखरी, दशरथ तलाउ, बिसहारा पोखरीलगायत सातवटा पोखरीको अतिक्रमण डोजर चलाएर हटाएको थियो ।

# जनकपुरधामदेखि अयोध्यासम्म विशेष रेल सेवा तयारी

**राष्ट्रिय समाचार समिति**

*जनकपुरधाम, भाद्र १९ गते ।*



जनकपुरधामदेखि भारतको अयोध्यासम्म विशेष रेल सेवा सञ्चालनका विषयमा नेपाल र भारतबीच छलफल भएको छ । नेपाल र भारतका रेल्वे कम्पनी, भन्सार तथा सुरक्षा अधिकारीबिच यस विषयमा बिहीबार पहिलो चरणको छलफल भएको नेपाल रेल्वे कम्पनीका प्रबन्ध सञ्चालक परिवेश पराजुलीले जानकारी दिए ।

उनका अनुसार, भारतको जयनगरस्थित रेल्वे स्टेशनको विश्रामगृहमा भएको बैठकमा रेल सेवा सञ्चालन गर्न आवश्यक पूर्वतयारीका विषयमा छलफल भएको थियो । उनीहरुबिच रेल लिङ्क, सिग्नलिङ प्रणाली, अध्यागमन, भन्सार चेकपोस्ट, यात्रु सुविधा र सुरक्षा व्यवस्थापनलगायत विषयमा छलफल भएको थियो ।

नेपालतर्फ नेपाली सुरक्षा निकाय तथा भारततर्फ भारतीय सुरक्षा निकायले यात्रु र रेल सुरक्षाको जिम्मेवारी लिने विषयमा उनीहरुबिच सैद्धान्तिक सहमति भएको छ ।

बैठकमा नेपाल र भारतका रेल्वे सेवा, सुरक्षा, भन्सार तथा अध्यागमनका अधिकारीको सहभागिता रहेको प्रवन्ध सञ्चालक पराजुलीले जानकारी दिए । बैठकपछि दुवै देशका अधिकारीलेजयनगर-जनकपुरधाम-कुर्था रेलखण्डको स्थलगत निरीक्षण गरेका थिए । जनकपुरधाम र अयोध्याबीच रेल सेवा संचालनमा आएपछि दुई देशबीचको धार्मिक तथा सांस्कृतिक सम्बन्ध थप प्रगाढ हुने तथा धार्मिक पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ । नेपालकी विभूति सीताको जन्मभूमि जनकपुरधाम र भगवान् रामको नगरी अयोध्यालाई प्रत्यक्ष रेल सेवामार्फत जोडिएपछि रामायण सर्किटअन्तर्गत तीर्थयात्री तथा धार्मिक पर्यटकको आवागमन थप सहज हुने विश्वास गरिएको छ । रेल सेवा सञ्चालनपछि नेपाल र भारतका धार्मिक तथा सांस्कृतिक गन्तव्यबीचको पर्यटन प्रवर्द्धनसँगै स्थानीयस्तरमा आर्थिक गतिविधि बढाउन समेत सहयोग पुग्नेछ । हाल नेपालको बिजलपुराबाट जनकपुरधाम हुँदै भारतको जयनगरसम्म नियमित रेल सेवा संचालन हुँदै आएको छ ।

# विपद्मा बाल संरक्षणलाई प्राथमिकता दिन आग्रह

**राष्ट्रिय समाचार समिति**

*काठमाडौं, भाद्र १९ गते ।*



बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप) ले रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीमा बेपत्ता भएकाको खोजी तथा उद्धार कार्यलाई थप प्रभावकारी बनाउन सरकार र सम्बन्धित निकायसँग आग्रह गरेको छ ।

अभियानका अध्यक्ष तिलोत्तम पौडेल र महासचिव राजु घिमिरेद्वारा प्रेस विज्ञप्तिमा बाढीबाट प्रभावित परिवार तथा समुदायको अवस्था अझै पीडादायी र चुनौतीपूर्ण रहेकाले प्रभावित सबै स्थानमा राहत तथा मानवीय सहायता समान रूपमा पुऱ्याउन आग्रह गरिएको छ ।

सिजपले विपद्मा परेका बालबालिकाको सुरक्षा, स्वास्थ्य, पोषण, संरक्षण तथा शिक्षालाई विशेष प्राथमिकता दिनुपर्नेमा जोड दिएको छ । परिवारबाट छुट्टिएका वा अभिभावक गुमाएका बालबालिकाको तत्काल पहिचान गरी सुरक्षित संरक्षण, परिवारसँग पुनर्मिलन तथा आवश्यक स्वास्थ्य र मनोसामाजिक सहयोगको व्यवस्था गर्न पनि सम्बन्धित निकायको ध्यानाकर्षण गराइएको छ ।

विपद्का बेला बालबालिका बेचबिखन तथा ओसार पसारको जोखिममा पर्न सक्ने भएकाले उनीहरूको संरक्षणमा विशेष सतर्कता अपनाउन अभियानले आग्रह गरेको छ । प्रभावित बालबालिकामा देखिन सक्ने डर, तनाव, चिन्ता तथा मानसिक आघातलाई सम्बोधन गर्न बालमैत्री मनोसामाजिक परामर्श तथा सहयोगलाई राहत र पुनःस्थापनाको अभिन्न अङ्ग बनाउनुपर्ने सिजपको आग्रह छ ।

विपद्का समयमा पीडित तथा प्रभावित व्यक्तिको गोपनीयता, मर्यादा र सम्मानको अधिकार संरक्षण गर्न पनि अभियानले आग्रह गरेको छ । अनुमति र आवश्यक संवेदनशीलताबिना पीडित बालबालिका तथा परिवारका तस्वीर, भिडियो वा संवेदनशील अवस्थाका सामग्री सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा सार्वजनिक गर्दा उनीहरूमा थप मानसिक तनाव उत्पन्न हुनसक्ने भएकाले त्यस्ता सामग्रीको प्रयोगमा संवेदनशीलता अपनाउन भनिएको छ ।

बेपत्ता व्यक्ति तथा बेवारिसे शवबाट फैलन सक्ने दुर्गन्ध तथा सम्भावित महामारीबाट बच्न आवश्यक सावधानी अपनाउन र बालबालिकालाई त्यस्ता स्थानमा जान नदिनसमेत अभियानले सम्बन्धित सबैलाई आग्रह गरेको छ । सिजपले बालबालिका तथा विपद् प्रभावित व्यक्तिको पहिचान, तस्बिर र व्यक्तिगत विवरण जिम्मेवार तथा संवेदनशील ढङ्गले प्रयोग गर्न सञ्चारमाध्यम, सामाजिक सञ्जाल प्रयोगकर्ता र सबै सरोकारवालासँग अपिल गरेको छ ।

राष्ट्रिय मानवअधिकार आयोगलाई बालबालिकाको अवस्थालाई विशेष ध्यानमा राख्दै प्रभावकारी अनुगमन गर्न तथा सरकारलाई आवश्यक सिफारिस र मार्गदर्शन गर्न आग्रह गरिएको छ ।

# बुबा सम्पर्कविहीनपछि विचल्लीमा चार सन्तान

**राष्ट्रिय समाचार समिति**

*सप्तरी, भाद्र १९ गते ।*



सप्तरीका बेचन सदा भोटेकोशी बाढीका कारण परिवारको सम्पर्कमा नआएपछि उनका चार सन्तान विचल्लीमा परेका छन् ।

आमा हुलियादेवी सदाको क्यान्सरको कारण मृत्यु भएको र १० दिनदेखि बुबा पनि सम्पर्कविहीन भएपछि दुई दाजुभाइ र दुई दिदीबहिनी विचल्लीमा परेको उनको कान्छी छोरी ९ वर्षीया विभा सदाले बताइन् ।

उनले भनिन्, "दुई महिनाअघि बुबा त्रिशूली जलविद्युत् पावर हाउसमा कामदारका रूपमा काम गर्दै आउनुभएको थियो । आमा बिरामी हुँदा उपचार गर्ने क्रममा ऋण लागेपछि रोजगारीका लागि त्यहाँ जानुभएको थियो, हामी कसको साहारामा बस्ने ?" ।

१८ र २० वर्षका दुई दिदीहरूको विवाह भइसकेको छ । १३ वर्षीय छोरा सुभाष सदा आफन्त सहयोगमा बुबाको खोजीमा रसुवा गएका छन् । त्रिशूली थ्रिवि पावर हाउसमा कामदारका रूपमा कार्यरत बेचन सदासँगै सोही ठाउँका सुरेन्द्र सदा र शिवकुमार सदा रसुवाको भोटेकोशीमा आएको बाढीपछि १० दिनदेखि सम्पर्कविहीन छन् ।

शिवकुमार सदाको चार जना छोराछोरी छन् । उनको बुबाआमा बूढाबूढी छन् । पत्नी पनि बिरामी भएकाले घरको एक्लो साहारा सम्पर्कविहीन भए ।

सात जना परिवारको आहारासमेत खोसिएको उनकी पत्नी गुडिया सदाले बताइन् । सुरेन्द्र सदाको पनि तीन छोराछोरी छन् । कमाउने साहारा सम्पर्कविहीन भएपछि घरमा चुहो बल्न छोडेको पत्नी द्रोपतीदेवी सदाले बताइन् ।

सोही ठाउँका सोही पावर हाउसमा कार्यरत अरूण सदा बाढी आउनुभन्दा एक हप्ता अगाडि घर आएका थिए । पुनः त्यहीँ जाने तर्खरमा थिए । अचानक बाढी आएको सुनेपछि जान रोकिए । यस सदा (मुसहर) बस्तीका तीन जना युवा सम्पर्कविहीन भएसँगै उक्त टोल शोकमा डुबेको छ ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल

➢ २४ सैं घण्टा इमर्जेन्सी सेवा
➢ ICU, NICU, PICU सेवा
➢ X-Ray, USG, CT Scan सेवा
➢ Endoscopy/Diode Laser सेवा
➢ Laproscopy सेवा
➢ क्याबिनको समेत व्यवस्था भएको
➢ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
➢ 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, अध्यक्ष : रामनारायण महतो ९८४४०३७१९८, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- मोडल अफसेट प्रेस जनकपुरधाम, ग्रुप एडिटर : राजकरण महतो, सम्पादकः सन्तकुमार क्षेत्री